## बैठक नं. १२ २०७४।०९।२०

आज मिति २०७४ साल पौष २० गते बिहीवार का दिन खाँदबारी नगर कार्यपालिकाको प्रमुख श्री मुरारी प्रसाद खतिवडा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बाह्रौं बैठक बसी निम्नानुसार प्रस्तावहरु माथी छलफल गरि सर्वसम्मत निर्णय गरियो ।

### - उपस्थिति -

१. श्री मुरारी प्रसाद खतिवडा कार्यपालिका प्रमुख
२. श्री डिगेश्वरी श्रेष्ठ, कार्यपालिका उप. प्रमुख
३. श्री निरञ्जन श्रेष्ठ. सदस्य. वडा नं. १.
४. श्री ज्ञान बहादुर श्रेष्ठ " — " २
५. श्री तोयानाथ ढुंगाना " — " ३
६. श्री अमित राई " — " ४
७. श्री बम बहादुर घले " — " ५
८. श्री दयानिधि बराल " — " ६
९. श्री मौसम आले मगर " — " ७
१०. श्री डम्बर बहादुर कटुवाल " — " ८
११. श्री टिकाराम कुमाल " — " ९
१२. श्री केशवराज सिं थापा " — " १०
१३. श्री नगेन्द्र गुरुङ " — " ११
१४. श्री कुङगाङ लामा " — " १
१५. श्री बाल कुमारी लोडारी " — " २
१६. श्री सुनिता कटुवाल कार्की " — " ३
१७. श्री इन्द्रमाया बरायली " — " ३
१८. श्री गोपीमाया घिमिरे " — " ५
१९. श्री लक्ष्मी राई पुतुवार " — " ८
२०. श्री चन्द्रकला तामाङ " — " १०
२१. श्री पदमलाल सार्की " — " १०
२२. श्री लोक बहादुर बोहोरा सचिव.
२३. श्री श्याम निरौला, का.वा. वडा अध्यक्ष वडा नं. ५

आमन्त्रित

**निर्णय नं १** कर्मचारी काज फिर्ता गर्ने सम्वन्धमा छलफल गर्दा खाँदवारी नगरपालिका र दोस्रो साना शहरी खानेपानी उपभोक्ता तथा सरसफाई संस्था विचमा भएको सम्झौतामा उल्लेख भए अनुसार खानेपानी तर्फका प्राविधिक कर्मचारीहरुलाई आयोजना सम्पन्न भएपछि स्वतह खानेपानी समितिमा हस्तान्तरण भन्ने संझौता भएको भएतापनि खाँदवारी नगरपालिका कार्यालयको वडा कार्यालयमा तत्काल कर्मचारी व्यवस्थापन गर्नको लागी कर्मचारी आवश्यक भएकाले खानेपानी तर्फका सहायक स्तर चौथो (खा.पा.स.टे) २ जना लाई यस अघि नै काज फिर्ता गरिएकोमा सो लाई अनुमोदन गर्ने र वाँकी तपसिलमा उल्लेखित स्थायी कर्मचारीहरुलाई समेत काज फिर्ता गर्ने निर्णय गरियो ।

**तपसिल**

| क.स. | नाम थर | पद | स्तर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री भिमवहादुर घिमिरे | मिस्त्री | सहायक द्वितिय | दरवन्दी स्थायी |
| २ | श्री वासुदेव श्रेष्ठ | मिस्त्री | सहायक द्वितिय | दरवन्दी स्थायी |
| ३ | श्री कविराज गुरुङ | चौकीदार | सहायक पहिलो | दरवन्दी स्थायी |
| ४ | श्री टिकाराम विश्वकर्मा | चौकीदार | सहायक पहिलो | दरवन्दी स्थायी |

**निर्णय नं २** योजना, कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्ने सम्वन्धमा छलफल गर्दा खाँदवारी नगरपालिकाको प्रथम नगर संभाको पुर्वाधार संग सम्वन्धित नीति अन्तरगत शहरी विकास तर्फमा वडा स्तरिय योजना तथा कार्यक्रम तर्फ रु २२ लाख का कार्यक्रमहरु मात्र भनि किटान भएको र सो को कार्यान्वयनमा रु १५ प्रतिशत उपभोक्ता समिति वाट अनिवार्य नगदै लागत सहभागिता गरिने छ भनि भनिएको, त्यसै गरि नगरस्तरिय योजना कार्यक्रम तथा आयोजनाहरुको हकमा रु ३० लाख लगायत भौतिक पुर्वाधार विकास तर्फका कार्यक्रमहरु त्यसै गरि लक्षीत वर्गको कार्यत्रमहरुको कार्यान्वयनमा ३० प्रतिशत रकम अनिवार्य उपभोक्ता समितिको तर्फवाट नगदै जम्मा गरि कार्यान्वयन गरिने छ भनि नितिगत रुपमा निर्णय भएकोले हाल सो कार्यक्रम संग सम्वन्धित उपभोक्ता, संघ, सस्था ,लगायतका तर्फवाट सो प्रकृया वाट नगद जम्मा गरि कार्यक्रम संचालन गर्न कठिनाई हुने भएको हुँदा सो नितिमा सुधार गरि कार्यक्रमहरु कार्यान्वयन गर्नको लागी आजको वैठकमा व्यापक छलफल गर्दा उपभोक्ता समितिको तर्फ वाट कार्यान्वयन गरिने सबै योजना तथा कार्यक्रमहरु तपसिल बमोजिम हुने गरि प्रथम नगर सभाले पारित गरेको निर्णय नं २७ ले दिएको अधिकार प्रयोग गरि दोस्रो नगर सभा वाट अनुमोदन गर्नेगरि निर्णय गर्ने गरि संसोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क.स. | प्रथम नगर सभाबाट निर्णय भएको | हाल संसोधनका लागि प्रशताव गरी निर्णय भएको | कैफियत |
|---|---|---|---|
| १ | वडास्तरिय योजना तथा कार्यक्रमरु रु २२ लाख भित्र रु ५ लाख सम्मको र सो को कार्यान्वयनका लागी रु १५ प्रतिशतले उपभोक्ता समिति वाट नगदै जम्मा गर्नु पर्ने | रु १ देखि ५ लाख सम्म विनियोजन भएको कार्यक्रम योजना तथा आयोजनाहरु लाइ सो को कार्यान्वयनमा उपभोक्ता समिति तथा संघ सस्थाहरुले कार्यान्वयन गर्दा नगद लागत सहभागीता गर्न नपर्ने र नियम अनुसार कम्तीमा २५ प्रतिशतले जनश्रमदान अनिवार्य गर्नुपर्ने | |
| २ | नगरस्तरिय योजना कार्यक्रम तथा आयोजनाहरुको हकमा वडा वाट नै | वडा स्तरिय,नगरस्तरिय लक्षीत वर्ग तथा अन्य सबै भौतिक पुर्वाधारका तर्फका कार्यक्रम योजना कार्यक्रमत | |

| | | | |
|---|---|---|---|
| | विनियोजन भई प्राप्त रु ३० लाख र वाकी सवै शिर्षकका कार्यक्रमरु कार्यान्वयन गर्न रु ३० प्रतिशतले उपभोक्ता समिति वा संघ सस्थाको तर्फवाट नगदै जम्मा गरि कार्यान्वयन गर्ने भनि निर्णय भएको । | तथा आयोजनाहरु होस यसका लागी उपभोक्ता समितिका तर्फवाट कार्यान्वयन गरिने उक्त कार्यक्रमहरुमा रु ५ लाख १ देखि १० लाख सम्म अनुदानको कार्यक्रमहरुमा विनियोजीत रकमको कम्तीमा रु १० प्रतिशत र १० लाख १ देखि २० लाख सम्मको कार्यक्रममा १५ प्रतिशतल साथै २० लाख १ देखि माथी जतीसुकै रकमको भएतापनि रु ३० प्रतिशतले हुन आउने रकम वरावरको नगदै अनिवार्य जम्मा गरि सके पछि योजना संभौता गरि कार्यान्वयन गर्ने । | |

**निर्णय नं ३** वाराहदल गुल्म खाँदवारी लाई प्रस्ताव अनुसार मर्मत सम्भार कोष वाट खर्च हुने गरि रु २ लाख वेराकको १५/३५ मी.स्टील ट्रष्ट निर्माण गर्न विल भरपाईका आधारमा आर्थीक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ४** खाँदवारी नगरपालिका वडा नं ३ स्थित मंगलादेवी चौकमा स्थापना भएको प्रहरी विटका लागी १ हजार लि. को पोलीथिन ट्याङकी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ५** यस कार्यालयको मिति २०७४/०९/०२ गते खा.न.पा. १ स्थित टुडिखेल (शनिवारे तथा बुधवारे हाट बजार लाग्ने स्थान छेउमा रहेको आय मुलक भवनको ठेक्का लगाउने भनी प्रकाशित सूचना अनुसार यस कार्यालयमा पेश भएको कवोल पत्र जिल्ला प्रशासन कार्यालय सं.स. कोष तथा लेखा नियन्त्रण कार्यालय सं.स. खा.न.पा को प्रमुख, उपप्रमुख, नि. प्रमुख प्रशासकिय अधिकृत, कायलियका प्रतिनिध र कवोलकर्ताहरुको रोहवर तथा समुस्थितमा, कवोलकर्ताहरुको कवोलपत्र खोलिदा माथिल्लो तलाको लागि सबै भन्दा वढी कवोल अंक पेश गर्ने खा.न.पा. वडा नं. १० बस्ने श्री विवेक दाहालको कवोल अंक प्रति महिना रु. <u>१७,१२५।-</u> (सत्र हजार एक सय पच्चिस रुपैया मात्र) र सो भवनको तल्लो तलाको लागि सबै भन्दा वढी कवोल अंक पेश गर्ने खा.न.पा. वडा नं. १ बस्ने श्री धन वहादुर श्रेष्ठ रहेको कवोल अंक प्रति महिना रु. <u>१०,०५०।-</u> (दश हजार पचास रुपैया मात्र) रहेकोमा सोही व्यक्तिहरुलाई कार्यालय बाट २०७४ साल माघ १ गते देखि (४) चार वर्ष सम्मको लागि आ.व. २०७८ अषाढ मसान्त सम्म कायम रहने गरी कवोल गरेको अंक वरावरको ४ चार वर्ष सम्मको लागि नगद वा नेपाल सरकारको मान्यता प्राप्त क श्रेणीको बैंक वाट जारी गरिएको बैंक जमानत पत्र पेश गर्न कार्यालय बाट सात (७) दिनको म्याद दिई पत्र पठाउने कार्य को लागि आजको कार्यपालिका वैठकद्धारा ठेक्का सम्झौताको लागि स्विकृत गर्ने निर्णय गरियो । साथै माथि उल्लेख गरेका व्यक्तिहरुले कवोल गरेको अंकको प्रत्येक वर्ष १० (दश) प्रतिशतको दरले वृद्धि हुने गरी ठेक्का सम्झौता गर्न समेत निर्णय गरियो ।